दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

**मनहरी गाउँपालिकाबाट प्रकाशित**

**खण्ड:५** *संख्या : ८* *मिति: २०७८/१२/१५*

# भाग-२

# मनहरी गाउँपालिका

# मनहरी गाउँपालिकाको ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावनाः**

मनहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मकवानपुरले खरिद गरेको ब्याक हो लोडर विभिन्न व्यक्ति, समूह, समिति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मनहरी गाउँ कार्यपालिका, मकवानपुरले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँपालिकाको ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ तर्जुमा गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम मनहरी गाउँपालिकाको ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले ब्याक हो लोडर सञ्चालन व्यवस्थापन कार्यविधि, २०७८ सम्झनु पर्छ।

ख) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका बुझ्नु पर्छ।

ग) "कार्यालय" भन्नाले मनहरी गाउँकार्यपालिकाको कार्यालय मकवानपुर सम्झनु पर्छ।

घ) "कोष" भन्नाले मनहरी गाउँपालिकामा यस कार्यविधि बमोजिम गठन गरिएको ब्याक हो लोडर सञ्चालन कोष सम्झनु पर्छ।

ङ) "ब्याक हो लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेको मेशीनरी उपकरण सम्झनु पर्छ।



३. **कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर लाई सदुपयोग गर्न सघाउ पुऱ्याउने।

ख) गाउँपालिकाको ब्याक हो लोडरलाई मितव्ययी पारदर्शी तरिकाले सञ्चालन गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई सुलभ र गुणस्तरीय सेवा दिई गाउँपालिका प्रति जनताको अपनत्व बृद्धि गर्ने।

ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउने।

घ) गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने।

ङ) ब्याक हो लोडर संचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरू प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने।

च) ब्याक हो लोडरलाई कुशलता पूर्वक संचालन गरी दिर्घकालिन रूपमा प्रयोगमा ल्याउने।

४. **ब्याक हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकता क्रमः**

क) ब्याक हो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन तथा विकास निर्माण सम्बन्धी कार्यका साथै तोकिएको भाडादरमा समेत प्रयोग गरिनेछ।

ख) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर प्रयोग गर्न उपलब्ध गराउदा देहायको प्राथमिकता बमोजिम गरिने छः

अ) प्रकोप उद्धार तथा व्यवस्थापनको कार्य,

आ) गाउँपालिका क्षेत्र भित्र वा बाहिर नेपाल सरकार वा अन्तरगतको निकाय, प्रदेश सरकार वा अन्तरगतको निकाय वा सुरक्षा निकायबाट अनुरोध भइ आएका स्थानमा इन्धन सम्बन्धित निकायले व्यहोर्ने गरी प्रयोग गर्न सकिनेछ।

इ) गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट संचालन हुने गाउँपालिका

गौरवका आयोजना भनी गाउँ कार्यपालिका वा गाउसभाबाट तोकिएका योजना,

ई) गाउँ क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास योजनाको कार्य

उ) गाउँपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट संचालित विकास योजनामा सम्बन्धित कार्यमा गाउँ क्षेत्रका अन्य व्यवसायी, निर्माण व्यावसायीबाट सञ्चालन हुने कार्य,

ऊ) गाउँपालिका क्षेत्रबाहिर मकवानपुर जिल्लाभित्र संचालित विकास निर्माण सम्बन्धित कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समुह समितिले सञ्चालन गर्ने कार्य।

**५. ब्याक हो लोडरको भाडा र दर निर्धारणः**

क) गाउँपालिकाको ब्याक हो लोडरको भाडा दर पहिलो पटक प्रचलित बजार मूल्यलाई गाउँ कार्यपालिका बैठकले निर्धारण भए बमोजिम हुनेछ।

ख) पहिलो पटक बाहेक गाउँ सभाले पारित गर्ने आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

ग) दफा ४ (ख) मा उल्लेखित कार्यको लागि तथा गाउँपालिकाको भौगोलिक अवस्था अनुसार भाडादर अलग अलग हुन सक्नेछ।

घ) गाउँपालिकामा प्रकोप व्यवस्थापन तथा गाउँपालिका गौरवका योजना सञ्चालनको लागि ब्याक हो लोडरको प्रयोग गरिएको हकमा सम्बन्धित कोष वा योजनाबाट दफा ८ बमोजिम स्थापना भएको ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषमा भाडा बापतको रकम जम्मा गर्नुपर्नेछ।

ङ) गाउँपालिकाबाट सञ्चालन हुने विकास योजना प्रयोजनमा ब्याक हो लोडर प्रयोग भएको अवस्थामा विकास योजनाको हकमा योजनाको रकम भुक्तानी हुँदा भाडा बापतको रकम काटी उपभोक्ता समितिको नाममा भुक्तानी गरी काटिएको रकम दफा ८ बमोजिम स्थापना भएको ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषमा भाडा बापतको रकम जम्मा गर्नुपर्नेछ।



ङ) भाडादर इन्धन सहित वा इन्धन गाउँपाललिकाले व्यहोर्ने र नव्यहोर्ने गरी निर्धारण गर्न सकिनेछ।

**६. ब्याक हो लोडर संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) ब्याक हो लोडर संचालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ।

ख) ब्याक हो लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा सम्झौतामा तोकिए बमोजिम हुनेछ।

ग) ब्याक हो लोडर चालक र संचालकको सेवा करारमा लिइनेछ।

घ) ब्याक हो लोडरको संचालनबाट प्राप्त आम्दानीको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ।

**७. ब्याक हो लोडर भाडामा दिदा अपाउनु पर्ने कार्यविधिः**

क) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले स्वीकृत दररेटमा प्राविधिकले फिल्ड अध्ययन गरी अग्रीम रूपमा रकम गाउँपालिकामा मनहरी गाउँपालिकाले तोकिदिएको बैंकको खातामा तोकिएको रकम जम्मा गरेको बैंक भौचर सहित अनुसूची-१ बमोजिम ढाँचामा गाउँपालिका कार्यालय समक्ष निवेदन दिनुपर्नेछ।

ख) यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक बसी ब्याक हो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

ग) तोकिएको समयावधीको कार्य समय समाप्त भएपछिको थप समय काम गरेमा तोकिएको दरमा थप रकम समेत भुक्तानी गर्ने दायित्व उपभोग कर्ताको हुनेछ।

घ) धरौटी वापत जम्मा भएको रकमले खामे भन्दा बढी समय ब्याक हो लोडर कार्य प्रकृया अगाडि बढाउन बाध्य हुने छैन।

ङ) कार्यालयमा आई वा कार्यालयका प्रतिनिधि वा ब्याक हो लोडर चालकलाई धरौटी वापत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिनेछ। सो कुराको जानकारी कुनै पनि संचारको माध्यमबाट तुरुन्त कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्नेछ।

च) कार्यालयको अनुमति नलिई चालकले कार्य प्रकृया अगाडि बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ।

छ) ब्याक हो लोडर भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिदा, भाडा मनहरी गाउँपालिका कार्यालय वा ब्याक हो लोडर रहेकै स्थानबाट भाडादर गणना गरिनेछ।

झ) ब्याक हो लोडरको आन्तरिक खाता बेग्लै हुनेछ। उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिनेछ। खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

ञ) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ। कार्य स्थलमा काम गर्दा बढी रकम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, ठेकेदार वा उपभोक्ता समितिको यस कार्यविधि भावना र मर्म विपरीत हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्की धाकमा परी कसैलाई संचालन गर्न दिए हानी नोक्सानी भएको रकम चालकबाटै अशुल उपर गरी उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ।

ठ) गाउँपालिकाको ब्याक हो लोडरको अनिवार्य रूपमा बिमा बनाउनु पर्नेछ।

८. **ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोष**

गाउँपालिकामा ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोष रहनेछ। यस कोषमा ब्याक हो लोडर भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिने छ। उक्त कोषबाट तपशिल बमोजिमका शीर्षकहरू बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन।

क) सवारी चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलब भत्ता रकम। सवारी चालक तथा सहयोगीलाई कार्यालय समय भन्दा अघि वा पछि काम काज लगाउनु परेको खण्डमा कार्यालय समय भन्दा अघि वा पछि कति समय थप काम गरेको हो सो काम गरे बापतको रकम भुक्तानीको लागि व्यवस्थापन तथा सञ्चालन समितिको बैठकको



निर्णय सहित गाउँपालिकाको आर्थिक प्रशासन शाखामा लग बुक बुझाउनु पर्नेछ। प्रचलित दर तथा निजी क्षेत्रको समेत प्रचलित दर रेटका आधारमा व्यवस्थापन तथा सञ्चालन समितिले प्रति घण्टा भत्ताको दर तोक्न सक्नेछ।

ख) इन्धन खर्च।

ग) मेशिनरी औजार उपकरण पाटपूर्जाको मर्मत तथा खरिद खर्च।

घ) मेशिन संचालन गरेबापत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम।

ङ) ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्दा भएको चिया नास्ता खर्च।

च) गाउँसभा/गाउँपालिका बोर्डले निर्णय गरे अनुसारका अन्य शीर्षकहरूमा खर्च हुने रकम।

छ) मेसिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च।

९. **ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषको संचालन :**

क) ब्याक हो लोडर व्यवस्थापन तथा संचालन कोषको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अन्य प्रचलित कानून बमोजिम गरिनेछ।

ख) ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ।

ग) ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गाउँपालिकाको लेखा परीक्षण सँगै गराउनु पर्नेछ।

१०. **ब्याक हो लोडरको व्यवस्थापन र संचालनका समितिको गठन**

ब्याक हो लोडरको संचालन र व्यवस्थापनका लागि देहाय बमोजिम एक ब्याक हो लोडर तथा संचालन समिति हुनेछ।

क) गाउँ कार्यपालिका बैठकले तोकेको कार्यपालिका सदस्य -संयोजक

ख) पूर्वाधार शाखा प्रमुख -सदस्य

ग) योजना शाखा प्रमुख -सदस्य

घ) जिन्सी शाखा प्रमुख -सदस्य सचिव

११. **ब्याक हो लोडर व्यवस्थापन तथा संचालक समितिको काम, कर्तव्य र अधिकार**

क) भाडामा संचालन हुने सवारी साधनहरूको माथि उल्लेखित प्रावधानहरूको परिधि भित्र व्यक्ति, संस्था, निर्माण व्यवसायी, उपभोक्ता समितिहरूलाई भाडामा सवारी साधनलाई उपलब्ध गराउने ।

ख) सवारी साधनहरूको मर्मत सम्भार तथा पाटपूर्जा थप गर्नुपर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ग) संचालक समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ। आवश्यकता अनुसार थप बैठकहरू बस्न सक्नेछन् । उक्त बैठकमा प्रत्येक ब्याक हो लोडरको अवस्था, वस्तुस्थिति र आय व्यय समेतको समीक्षा गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

घ) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ। बहुमत सदस्यको निर्णय मान्य हुनेछ।

ङ) बैठक संचालन हुँदा उक्त कोषबाट खाजा खर्च बाहेक अन्य खर्च गरिने छैन।

१२. **शर्तहरू पालना :**

ब्याक हो लोडर उपयोग गर्न चाहने व्यक्ति समूह वा समिति वा सरोकारवालाले यस कार्यविधिका अन्य प्रावधानहरूको अतिरिक्त निम्नानुसारका शर्तहरू पालना पर्नेछ।

क. ब्याक हो लोडर काम गर्न लैजानु भन्दा अगावै भाडा रकमको आधा रकम जम्मा गर्नु पर्नेछ।

ख. काम गर्ने क्रममा कुनै क्षति-भैपरि बाहेक भएमा निवेदक स्वयंले ब्यहोर्नु पर्नेछ।

ग. निवेदक दर्ता भएको क्रम संख्या अनुसार ब्याक हो लोडर पठाइने छ।



१३. **थपघट वा हेरफेर गर्न सक्ने :**

यस कार्यविधि कार्यान्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

१४. **संशाधन, खारेजी र बचाऊ :**

क) यस कार्यविधिमा उल्लेखित कुराहरमा छुट हुन गई कुनै कुरा थपघट वा हटाउन वा परिमार्जन गर्न परेमा रही गाउँसभाले मात्र गर्न सक्नेछ।

ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरूका हकमा गाउँ कार्यपालिका तथा गाउँसभाको निर्णय, निर्देशन वा आदेश बमोजिम हुनेछ।

## अनुसूची १

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

मनहरी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर

### विषयः ब्याक हो लोडर उपलब्ध गराई पाउँ बारे ।

महोदय,

निवेदन यस प्रकार छ कि यस कार्यालयको .............. वडा नं. ............ मा ............................................................ कामको लागी मिति २०...../.../.... देखि मिति २०......./..../.... सम्म करिब ........घण्टाको लागि ब्याक हो लोडर आवश्यक पर्ने भएकोले कार्यालयको नियमानुसार लाग्ने दस्तुर तिर्ने गरी ब्याक हो लोडर उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु ।

**निवेदक**

नामः

उ.स./संस्था/व्यक्ति नामः

पदः

ठेगानाः

दस्तखतः

मोवाइल नं.:



## अनुसूची २

### ब्याक हो लोडर भाडामा दिँदा गरिने सम्झौता पत्र

वि.सं. २०७८ साल ............. महिना .......... गतेका दिन मनहरी गाउँपालिका, गाउँ कार्यपालिका (प्रथम पक्ष) र श्री ............................................... (दोश्रो पक्ष) विच गाउँपालिकाको स्वामित्वमा रहेको ......................... को ब्याक हो लोडर भाडामा लिई योजना गर्न तपसिलका शर्तहरूको अधिनमा रहि सम्झौता गरी लियौं दियौं ।

**शर्तहरूः**

१. प्रथम पक्षको स्वामित्वमा रहेको .................. ब्याक हो लोडर भाडामा लिए बापत दोश्रो पक्षले प्रति घण्टा रु. .......... उपलब्ध गराउने छ। ब्याक हो लोडर सँचालन गर्दा खपत हुने इन्धन दोश्रो पक्षले नै व्यहोर्नु पर्नेछ।

२. प्रचलित ऐन नियमानुसार लाग्ने सम्पूर्ण कर दोश्रो पक्षले भुक्तानी गर्दा कट्टी गरी मात्र भुक्तानी गर्नुपर्नेछ।

३. ब्याक हो लोडर सँचालन गर्न कार्यालयबाट हिड्नु अगाडि कम्तिमा लाग्न सक्ने अनुमानित घण्टाको स्वीकृत नर्मस अनुसारको दर रेट हुन आउने रकमको ५० प्रतिशत जम्मा गर्नु पर्नेछ।

४. काम सम्पन्न भएपछि अपरेटरले मेसिन सँचालन भएको अवधि प्रमाणित गरी प्रथम पक्षलाई दिनु पर्नेछ र सम्झौता अनुसारको बाँकी हुन आउने रकम दोश्रो पक्षले अविलम्ब प्रथम पक्षलाई बुझाउनु पर्नेछ।

५. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य सञ्चालन नगरेमा प्रथम पक्षबाट अनुगमन गर्दा दोश्रो पक्षले माथि उल्लेखित सम्झौताका बुँदाहरू विपरीत कार्यहरू उपलब्ध गराइएको रकम उपयोग गरेको पाइएमा प्रथम पक्षले सम्झौता रद्द गरी उपलब्ध गराएको रकम सरकारी बाँकी सरह मानी असुल उपर गरिने छ।

६. सम्झौताका शर्तहरू बाहेक अन्य शर्तहरूको प्रचलित कानुन तथा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

| | |
|---|---|
| दोश्रो पक्षका तर्फबाट सहिछाप गर्नेः | कार्यालयको-प्रथम पक्ष तर्फबाट |
| उ.स./संस्था/व्यक्तिको नामः | सहिछाप गर्नेः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |
| मोबाईल नं. | मितिः |

**रोहबर**

जिन्सी/योजना शाखा प्रमुखको नामथरः

दस्तखतः

पदः

**आज्ञाले**

**मोहनकुमार श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**